**आकाशवाणी समाचार- नेपाली**

मितिः ०७ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगालमा, चुनाव आयोगले मतदाता सूचीको विशेष गहन पुनरीक्षण अंतर्गत न्यायिक समीक्षाको अधीन मतदाताहरुको पूर्ण सूची जारी गरेको छ।

- मुख्यमंत्री ममता बनर्जीले तृणमूल कांग्रेस यस पल्ट पहिले भन्दा अधिक सीट जीतेर सत्तामा आउने बताउनुभयो।

- प्रसिद्ध चिकित्सक अनि पद्मश्री द्वारा सम्मानित डॉ. मणि कुमार छेत्रीको निधनमा मुख्यमंत्री ममता बनर्जीले गहिरो शोक व्यक्त गर्नुभएको छ।

- भारतीय जनता पार्टीले आज मिरिकमा एक चुनावी रैली अनि जनसभाको आयोजन गर्ने भएको छ।

- रोहिणी टोल गेट नजिकै हात्तीको आक्रमणमा परेर एक व्यक्तिको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएको छ।

**पश्चिम बंगाल मतदाता सूची**

पश्चिम बंगालमा, चुनाव आयोगले मतदाता सूचीको विशेष गहन पुनरीक्षण अंतर्गत न्यायिक समीक्षाको अधीन मतदाताहरुको पूर्ण सूची जारी गरेको छ। पहिलो चोटी, जिल्लागत विवरण प्रकाशितगरिएको छ, जसमा मतदाताहरुलाई योग्य वा अयोग्य रूपमा चिह्नित गरिएको छ।

रिपोर्ट अनुसार, 60 लाखभन्दा अधिक नामहरुको जांच गरियो। जसबाट 32 लाखभन्दा अधिक मतदाताहुय्लाई योग्य घोषित गरियो, जबकि लगभग 27 लाखलाई अयोग्य घोषित गरिएको छ।

मुर्शिदाबादमा सबैभन्दा अधिक लगभग 4 लाख 55 हजार मतदाताहरुलाई सूचीबाट बाहिर गरिएको छ। त्यसपछि उत्तर 24 परगना रहेको छ, जहाबाट 3 लाख 25 हजार नाम हटाइएको छ। मालदा, नदिया, दक्षिण 24 परगना, बिरभूम, हुगली, पश्चिम बर्धमान अनि उत्तर दिनाजपुरमा ठुलो संख्यामा मतदाताहरुलाई सूचीबाट बाहिर गरिएको छ।

आयोगले स्पष्ट गरेको छ कि सूची प्रकाशित गर्न अघि प्रत्येक मामिलाको सावधानीपूर्वक जांच होस। महत्वपूर्ण पक्ष यो छ कि सुप्रीम कोर्टको निर्देश अनुसार, अयोग्य घोषित गरिएका मतदाताहरुले पुनर्विचारका लागि न्यायिक न्यायाधिकरण समक्ष अपील गर्न सक्ने छन्।

**मुख्यमन्त्री**

पश्चिम बंगाल विधानसभा चुनाव 2026 को प्रचार बीच मुख्यमंत्री ममता बनर्जीले नदिया जिल्लाको शांतिपुरमा चुनावी सभालाई संबोधित गर्दै तृणमूल कांग्रेस यस पल्ट पहिले भन्दा अधिक सीट जीतेर सत्तामा आउने बताउनुभयो। उहाँले कार्यकर्ताहरु अनि समर्थकहरुसित कुनै प्रकारको अफवाहहरुसित नडराउने अपील गर्नुभयो। शांतिपुर स्टेडियममा तृणमूल उम्मीदवार ब्रजकिशोर गोस्वामीको समर्थनमा आयोजित सभामा ममता बनर्जीले भन्नुभयो बंगालको अस्मिता अनि मानिसहरुको भविष्यसित जोडिएको चुनाव बताउनु भयो। सभा अवधि उहाँले आरोप लगाउनु भयो, विपक्षी दल योजनाबद्ध तरीकाले यो प्रचार गरिरहेका छन कि भारतीय जनता पार्टीले(भाजपा) जीतिरहेको छ | ममताले मतदाताहरुलाई भन्नुभयो कुनैपनि दबावसित डराउने आवश्यकता छैन अनि लोकतांत्रिक तरीकाले जवाब दिनु नै सबैभन्दा ठुलो प्रतिरोध हो।

ममता बनर्जीले आफ्नो भाषणमा भाजपामाथि तीखो हमला गर्दै भन्नुभयो भाजपाले मानिसहरुको अधिकार खोस्ने राजनीति गर्दछ। उहाँले प्रश्न गर्नुभयो, के जनताले यस्तो पार्टीलाई वोट दिन्छ जसले उनीहरुको भोजन, कपड़ा अनि मतदानको अधिकारसम्म खोस्ने प्रयास गरिरहेको छ। धर्मको मुद्दामा पनि उहाँले भाजपालाई घेर्दै भन्नुभयो बंगालको संस्कृति सहिष्णुता अनि सद्भावमा आधारित छ अनि कसै धर्मको पाठ पढ़ाउने आवश्यक छैन। मुख्यमंत्रीले राज्य सरकारको विभिन्न सामाजिक योजनाहरुको उल्लेख गर्दै भन्नुभयो, मुफ्त राशन, कन्याश्री, ऐक्यश्री अनि मेधाश्री जस्ता योजनाहरु पहिलेबाट नै चलिरहेको छ अनि भविष्यमा पनि जारी रहने छ। उहाँले भन्नुभयो, सरकारले धेरै अस्पताल अनि स्कूल बनाएको छ तथा आगामी दिनमा अझ धेर अंग्रेजी माध्यमको सरकारी स्कूल खोलिने छ ताकि मानिसहरुलाई निजी स्कूलहरुमा निर्भर हुन् नपरोस।

**भाजपा का दुष्प्रचार अभियान**

भाजपाले आरोप लगाएको छ कि पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले विभिन्न जनसभा अवधि संवैधानिक पदमा आसीन गणमान्य व्यक्तिहरुको अपमान मात्रै होइन तर भ्रामक जानकारी फैलाउने अभियान पनि चलाई रहेको छ।
कोलकाताको बेहालामा पत्रकारहरुसित बात गर्दै नेता प्रतिपक्ष सुवेंदु अधिकारीले भन्नुभयो मुख्यमंत्री आफ्नो पार्टीको चुनावी संभावनाहरुलाई कमजोर देखे पछि झूठ बयानहरुको सहारा लिइ रहेकी छन्।

**टीएमसी -एफआईआर**

कोलकाताको परनश्रीमा तोड़फोड़ गरेको आरोपमा पुलिसले बेहाला पश्चिमका तृणमूल कांग्रेस -टीएमसी उम्मेदवार रत्ना चट्टोपाध्याय बिरुद्ध एफआईआर दर्ता गरेको छ। यो एफआईआर भाजपाको त्यस आरोप पछि दर्ता गरिएको हो जसमा भनिएको छ कि तृणमूल कांग्रेसका कार्यकर्ताहरु अनि समर्थकहरुले भाजपाको पार्टी कार्यालयमा तोड़फोड़ गरे। भाजपा अनुसार, हिजो धेरै तृणमूल कार्यकर्ता परनश्री स्थित भाजपा कार्यालय पुगे अनि पोस्टर वा बैनर च्यातिदिए। कार्यालयमा पनि तोड़फोड़ गरियो। बेहाला पश्चिमका भाजपा उम्मीदवार इंद्रनील खानले आरोप लगाए अनुसार एफ आइ आर पछि पनि पुलिसले कुनै कार्रवाई गरेको छैन।

**अभिषेक बनर्जी**

तृणमूल कांग्रेसका राष्ट्रीय महासचिव अभिषेक बनर्जीले हिजो मुर्शिदाबाद जिल्लाको जालंगीमा एक जनसभालाई संबोधित गर्दै कांग्रेस अनि माकपा माथि तीखो प्रहार गर्नुभएको छ । उहाँले आरोप लगाउनु भयो, यी दुइ दल भारतीय जनता पार्टीको ‘बी टीम’ सरह काम गरिरहेको छ।जालंगी विधानसभा सीटबाट तृणमूल कांग्रेसका उम्मीदवार बाबर अलीको समर्थनमा आयोजित सभामा अभिषेक बनर्जीले भन्नुभयो, उहाँको पार्टी उम्मीदवार सफा छवि अनि समर्पित सोच भएका छन् । उहाँले मतदाताहरुसित अपील गर्दै भन्नुभयो माकपा अब अतीतको पार्टी भइसकेको छ अनि कांग्रेसलाई वोट दिनुको अर्थ परोक्ष रूपले भाजपालाई बलियो गर्नु हो। त्यहीकारण विकासका लागि तृणमूल कांग्रेसको चुनाव चिह्नमा मतदान गर्न आवहान उहाँले गर्नुभयो।

**मुख्यमंत्री पुष्कर सिंह धामी**

पश्चिम बंगाल विधानसभा चुनावलाई राजनीतिक गतिविधिहरु तिब्र बनिरहेको छ । यही क्रममा भारतीय जनता पार्टी (भाजपा)ले आफ्नो स्टार प्रचारकहरुको सूचीमा सामेल उत्तराखंडका मुख्यमंत्री पुष्कर सिंह धामीलाई पनि चुनाव प्रचारका लागि मैदानमा उतारेको छ । हिजो उहाँले उत्तर 24 परगना जिल्लाको बनगांव क्षेत्रमा रोड शो अनि जनसभा गरी पार्टी उम्मीदवारहरुको समर्थनमा प्रचार गर्नुभयो।मुख्यमंत्री धामीले भन्नुभयो तृणमूल कांग्रेसले एक राजनीतिक दल सरह होइन तर"सिंडिकेट" सरह कार्य गरिरहेको छ अनि कट-मनी तथा कमीशनखोरी यसको पहिचान बनेको छ। उहाँले यदि राज्यमा भाजपाको सरकार बन्यो भने भ्रष्टाचार अनि अपराध माथि कडा नियंत्रण गरिने दाबी गर्नुभयो।उहाँले बनगांव दक्षिणबाट स्वप्न मजूमदार, बनगांव उत्तरबाट अशोक कीर्तनिया, बगदाबाट सोमा ठाकुर अनि गोघाटाबाट सुब्रत ठाकुरको नामांकन कार्यक्रममा पनि भाग लिनुभयो। यस अवधि उहाँले भाजपाको पक्षमा मतदानको अपील गर्नुभयो।रोड शो अनि जनसभामा ठुलो संख्यामा आम मानिसहरुको उपस्थिति देखिएको थियो। मुख्यमंत्री धामीले आफ्नो संबोधनमा राज्यको तृणमूल कांग्रेस सरकार माथि आरोप लगाउदै राज्यमा भ्रष्टाचार अनि भयको बातावरण रहेको बताउनुभयो।धामीले भन्नुभयो देशको विभिन्न राज्य अनि केंद्रमा एकै दलको सरकार भए विकास कार्यहरुलाई गति प्राप्त भएको छ। उहाँले पश्चिम बंगालमा पनि "डबल इंजन" सरकार बन्नेमा विकास अनि निवेश बढ़ने दाबी गर्नुभयो।

**मणि कुमार छेत्री - निधन**

प्रसिद्ध चिकित्सक अनि पद्मश्री द्वारा सम्मानित डॉ. मणि कुमार छेत्रीको निधनमा मुख्यमंत्री ममता बनर्जीले गहिरो शोक व्यक्त गर्नुभएको छ। मुख्यमंत्रीले सोशल मीडियामा भन्नुभयो कि डॉ. छेत्रीको निधनले बंगाल अनि देशको चिकित्सा जगतको एक महत्वपूर्ण अध्याय समाप्त भएको छ। उहाले दिवंगत आत्माको शांतिको लागि प्रार्थना गर्दै परिजनहरु , छात्रहरु अनि रोगीहरु प्रति संवेदना व्यक्त गर्नुभएको छ।

**भाजपा मिरिक कार्यक्रम**

भारतीय जनता पार्टीले आज मिरिकमा एक चुनावी रैली अनि जनसभाको आयोजन गर्ने भएको छ। कार्यक्रम अनुसार दुधेदेखि कृष्णनगरसम्म समर्थकहरुले बाइक रैलीको आयोजन गर्नेछ। रैलीपछि कृष्णनगरदेखि मिरिक सुपर मार्केटमा एक जनसभा आयोजन हुनेछ। पार्टीको दार्जीलिङ जिल्ला समितिका सचिव निरज थापाले जानकारी दिए अनुसार जन सभालाई प्रमुख रुपमा खर्साङका पार्टी उम्मेदवार सोनाम लामा अनि दार्जीलिङका लोकसभा सांसद राजु बिष्टले सम्बोधन गर्नेछ।

**हात्तीको आक्रमण**

रोहिणी टोल गेट नजिकै हात्तीको आक्रमणमा परेर एक व्यक्तिको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएको छ। जानकारी अनुसार हिजो दिउँसो बाइकमा सवार दुइ व्यक्तलाई रोहिणीको टोल गेट नजिकै हात्तीको आक्रमण गरेको थियो।

****** ० ******